# हिमाली सुस्केरा
साप्ताहिक

वर्ष : २१, अङ्क : १०, २०७९ मंसिर १८ गते आइतवार ( 4 Dec. 2022 ), मूल्य रु. २०।-





प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन सम्पन्न भएको छ । मतपरिणाम अनुसार प्रतिनिधिसभामा पार्टीहरुले प्राप्त गरेका प्रत्यक्षको सिट र समानुपातिकमा समावेशी आधार । (साभार गोरखापत्र)

# एक्तिसौं अन्तराष्ट्रिय अपाङ्गता दिवस सम्पन्न

सुस्केरा समाचारदाता

डोल्पा मंसिर - आज परेको ३१ औं अन्तराष्ट्रिय अपाङ्गता दिवस, शमावेसि विकासका लागि रुपान्तरित समाधान पहुच युक्त र समातामुलक विश्वको लागि उर्जावान सृजनशिलताको प्रावधान भन्ने मुल नाराका साथ विविध कार्यक्रमका साथ सम्पन्न गरिएको छ ।

विभिन्न सरकारी तथा गैर सरकारी निकायहरुको सहयोगमा मुकुटेश्वर अपाङ्ग सेवा समिति डोल्पाको आयोजनामा विविध कार्यक्रमका साथ अन्तराष्ट्रिय अपाङ्गता दिवस मनाइएको हो ।

धुवतारा आधारभुत विद्यालय उपलोदुनै डोल्पा अन्तर्गत संचालित अपाङ्ग स्रोत कक्षाको नव निर्मित भवनको प्राङ्गणमा आयोजित अन्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा अपाङ्ग स्रोत कक्षा र वहिरा स्रोत कक्षामा अध्ययनरत २८ जना बालबालिकाहरुलाई स्याक नेपालको सहयोगमा ट्याक सुट, झोला, कापी, सिसाकलम, कटर र इरेजर वितरण गरिएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति डोल्पाका उपप्रमुख तेजेन्द्रबहादुर बुढा, ठुलीभेरी नगरपालिकाको वडा नं. ३ का वडा अध्यक्ष भक्तबहादुर भण्डारी, सामाजिक विकास कार्यालय

....... .. .पेज नं. ८ मा

# ठुलीभेरी नपामा प्रअहरुको बैठक सम्पन्न

सुस्केरा समाचारदाता

डोल्पा मंसिर - आज ठुलीभेरी नगर पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा ठुलीभेरी नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुका प्रधानाध्यापकहरुको बैठक सम्पन्न गरेको छ ।

ठुलीभेरी नगरपालिकाको कार्यालय जुफाल डोल्पाको सभा कक्षमा भएको प्रधानाध्यापकहरुको बैठकमा सुरुदेखि अन्तिम सम्म नगर शिक्षा समितिका अध्यक्ष समेत रहेका नगर प्रमुख स्वबर्ण बुढा शिक्षाको विकास बिना अरु विकास असम्भव रहेकाले शिक्षाको विकासमा ध्यान दिइने बताउनु भएको थियो ।

बैठकले नेपाल सरकारको नीति अनुसार नै शैक्षिक सत्र संचालन गने, नगर तथा सरकारबाट हुनु पने विभिन्न निकासाहरु समयमा नै दिने, यही महिनाको २५ गतेबाट चालु शै

....... .. .पेज नं. ८ मा

# डोल्पाका मजदुरहरुको भेला सम्पन्न

मेनुका बुढा

डोल्पा, मंसिर - डोल्पा जिल्लाका यातायात, निर्माण लगायत विभिन्न क्षेत्रमा काम गर्ने श्रमिकहरुको भेला कार्यक्रम दुनैको होटेल ब्लुसिपको प्राङ्गणमा गरिएको हो । अखिल नेपाल क्रान्तिकारि ट्रेडयुनियन महासंग डोल्पा जिल्लाका संयोजक ज्योति सलामिको अध्यक्षता र नेपाल कम्युनिष्ट पाटिको केन्द्रिय प्रतिनिधि समिति सदस्य तथा जिल्ला सेक्रेटरि सेरापको प्रमुख आथित्यमा र नेपाल कम्युनिष्ट पाटिको जिल्ला कार्यालय सदस्य तथा ठुलिभेरि नगरका इन्चार्ज गौचनको विशेस आथित्यमा श्रमिकहरुको भेला कार्यक्रम गरिएको जनाइएको छ ।

डोल्पा जिल्ला भित्रका सम्पुर्ण क्षेत्रका श्रमिकहरुको सबै प्रकारका समस्याहरु संग पहल र समाधान गर्ने

....... .. .पेज नं. ८ मा

# सुरक्षित खानेपानी युक्त गाउँ घोषणा

गायत्री शाही

डोल्पा मसिंर - ठुलीभेरी नगरपालिका वडा नं. २, ८ र ९ का बस्तिहरुलाई सुरक्षित खानेपानी युक्त समुदाय घोषणा गरिएको छ ।

यी बस्तिहरुमा एक घर एक धारो निर्माण गरी खानेपानी राम्रो र नियमित खानेपानीको सुनिश्चितता भएकाले सुरक्षित कार्यक्रम सम्पन्न भएको डिकेट डोल्पाले बताएको हो । एकघर एकधारा हाम्रो पहिचान खानेपानी सुरक्षा लागु गरौ सुरक्षित खानेपानी युक्त घोषणा हाम्रो अभियान भन्ने मुल नारा का साथ सो कार्यक्रम सम्पन्न भएको वडा नं ८ ले जनाएको छ । युनिसेफ र डिकेट डोल्पाको आर्थिक सहयोग तथा सहकार्यमा र ठुलिभेरि नगरपालिका वडा नं २, ८ र ९ को आयोजनामा यो कार्यक्रम

....... .. .पेज नं. ८ मा

# हिउँचितुवा आहारा अनुगमन तालिम

लेख बुढा

डोल्पा मंसिर - शे फोक्सुण्डो राष्ट्रिय निकुन्ज कार्यालय डोल्पाको आयोजनामा डब्लु डब्लु एफ नेपालको सहयोगमा निकुन्ज भित्रका स्थानीयहरुको सहभागीतामा एक दिने हिउँ चितुवा आहारा प्रजाति अनुमगन सम्बन्धी तालिम सम्पन्न भएको छ ।

शे फोक्सुण्डो गाउँपालिका वडा नं. ८ मा पर्ने रिग्मो गाउँमा एक कार्यक्रम आयोजना गरि स्थानीयहरुलाई हिउँ चितुवा आहारा प्रजाति अनुगमन सम्बन्धी तालिम दिईएको शे फोक्सुण्डो राष्ट्रिय निकुन्ज कार्यालय शुलिगाड डोल्पाका संरक्षण अधिकृत लाल बहादुर भण्डारीले बताउनु भयो । दुर्लभ मानिने हिउँ चितुवाले निकुन्ज भित्रका स्थानीय कृषकहरुको बालिबोट पशु वस्तुमा क्षती पुर्याउने र स्थानीयले हिउँ चितुवालाई सुरक्षीत हुन बाट समस्या पार्न सक्ने भएकाले यस्ता किसिमका समस्या न्यूनिकरण गर्नको लागि स्थानीय विभिन्न व्यक्तीहरुको सहभागीतामा हिउँ चितुवा आहारा प्रजाति अनुगमन सम्बन्धी छलफल

....... .. .पेज नं. ८ मा

# सरकार गठनका विषयमा संवैधानिक व्यवस्था के छ

सन्देश बुढा

काठमाडौं, मंसिर - यही मंसिर ४ मा सम्पन्न भएको प्रतिनिधिसभा निर्वाचनको मतगणना अन्तिम चरणमा पुगेको छ । यस अवस्थामा दलहरूले सरकार गठनको गृहकार्यलाई अघि बढाउन थालेका छन् । निर्वाचनमा कुनै पनि दलको स्पष्ट बहुमत नआउने स्पष्ट खाका आइसकेको छ । त्यसैले अब बन्ने सरकार दुई वा दुईभन्दा बढी दलको हुनेछ । हिजो शनिवार नै सरकार साझेदार दल नेकपा(माओवादी केन्द्र)ले सरकार गठनमा आफ्नो नेतृत्वमा बनाउने र सबै प्रकृया खुला राख्ने निर्णय समेत गरेको छ । प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १ सय ६५ र समानुपातिकतर्फ १ सय १० गरी दुई सय ७५ जना सांसद चुनिने छन् । सरकार गठनका लागि १ सय ३८ जना सांसद आवश्यक पर्छ । नेपालको संविधानको धारा ७६ मा राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने प्रावधान छ । सोही धाराको उपधारा (२) मा कुनै पनि दलको स्पष्ट बहुमत नरहेका अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधिसभाका सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गने व्यवस्था छ । त्यस्तै, उपधारा (३)मा प्रतिनिधिसभाको निर्वाचनको अन्तिम

....... .. .पेज नं. ८ मा

### एक्तिसौं अन्तराष्ट्रिय .. ........

डोल्पाका प्रमुख धनबहादुर शाहीले आफ्नो आफ्नो मन्तव्य राख्नु भएको थियो । मन्तव्य राख्ने क्रममा अपाङ्गता भएका सबैलाई राज्यले विभिन्न क्षेत्रमा विशेष सेवा सुविधा दिनु पर्ने र नीतिगत रुपमा पाउने सेवा सुविधाहरु सहज रुपमा उपलब्ध हुने गरी स्थानीय तहहरुले व्यवस्थापन चुस्त दुरुस्त राखिदिनु पर्ने बताउनु भएको थियो ।

अपाङ्गता दिवसमा मुकुटेश्वर अपाङ्ग सेवा समिति डोल्पाका महासचिव बीर बहादुर बुढाले जिल्लामा रहेको अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क देखि अपाङ्गता भएका व्यक्तिहरु तथा संस्थाहरुको पक्षमा भएका विभिन्न कार्यहरुको प्रस्तुतिकरण गर्नु भएको थियो ।

दिवस कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुको पक्षमा भए गरेका विभिन्न पहल तथा हुनु पर्ने पहल कदमी एवम् राज्यले दिनु पर्ने सेवा सुविधा प्रवाह छिटो छरितो हुनु पर्ने, यहाँ गरिनु पने विभिन्न कामहरु कार्ययोजना बनाएर गर्दा राम्रो हुने भन्दै विभिन्न योजना निर्माण गरी ती योजना पुरा गर्नका लागि कार्ययोजना समेत निर्माण गरिएको थियो ।

जगदुल्ला गाँउपालिकामा पनि आज ३१औं अन्तराष्ट्रिय अपाङ्गता दिवस मनाइएको छ । शमावेसि विकासका लागि रुपान्तरित समाधान पहुच युक्त र समातामुलक विश्वको लागि उर्जावान सृजनशिलताको प्रावधान भन्ने मुल नारका साथ ३१ औं अन्तराष्ट्रिय अपाङ्गता दिवस मनाइएको जगदुल्ला गाँउपालिकाले जनाएको छ । ३१ औं अन्तराष्ट्रिय अपाङ्गता दिवसको अबसरमा जगदुल्ला गाँउपालिकाका ३२ जना अपाङ्गता भएका व्यक्तिहरुलाई अविर र राईका लगायर सम्मान गरिएको जनाइएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुलाई जगदुल्ला गाँउपालिकाबाट सहयोग गर्ने र अपाङ्गता भएकाहरुको अवस्था हेरेर विभिन्न प्रकारका सामग्रिहरु माग गरेको जगदुल्ला गाँउपालिकाका अध्यक्ष नारासिं रोकायाले जानकारि दिनु भएको छ ।

### डोल्पाका मजदुरहरुको .........

अखिल नेपाल क्रान्तिकारि ट्रेडयुनियन महासंगको डोल्पाले जनाएको छ। संयोजक ज्योति सलामिको संयोजकत्वमा अखिल नेपाल क्रान्तिकारि ट्रेडयुनियन महासंगको डोल्पा जिल्लामा १४ जना समिति सदस्य गठन गरिएको नेपाल कम्युनिष्ट पाटिको जिल्ला कार्यालय सदस्य तथा ठुलिभेरि नगरका इन्चार्ज गौचनले बताउनु भएको छ । मजदुरको हित र न्यायको लागि संघर्ष गर्ने र जिल्ला समितिको कार्यालय स्थापना गर्ने निर्णय गरिएको नेपाल कम्युष्टि पाटि निकट ,अखिल नेपाल क्रान्तिकारि ट्रेडयुनियन महासंगको डोल्पा जिल्लाका संयोजक ज्योति सलामिले जानकारि दिनु भएको हो ।

### ठुलीभेरी नपामा ......

क्षिक सत्रको अर्धवार्षिक तथा दोस्रो त्रैमासिक परीक्षा नगर भित्रका सबै विद्यालयहरुमा एकै दिनबाट सुरु गर्ने, दरवन्दी मिलानको कार्यलाई सकेसम्म छिटो सम्पन्न गर्ने लगायतका विभिन्न समसामयिक विषयमा व्यापक छलफल भएर निर्णय गरिएको ठुलीभेरी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले जानकारी दिएको छ ।

यस अघिका विभिन्न समयमा भएका प्रधानाध्यापकहरुको बैठकले गरेका निर्णयहरु कार्यान्वयनमा आउन नसकेको अवस्थामा नयाँ निर्णय कार्यान्वयनको आशंका बढेको बेला निमित्त प्रमुख प्रशासकीय अधिकृत डिलप्रसाद रोकायाले निर्णयलाई नगर कार्यपालिकाको बैठकमा अनुमोदन गराई कार्यान्वयनमा लैजानका लागि लागि पर्ने बताउनु भएको छ ।

बैठकमा नगर प्रमुख एवम् ठुलीभेरी नगर शिक्षा समितिका अध्यक्ष स्वबर्ण बुढा, निमित्त प्रमुख प्रशासकीय अधिकृत डिलप्रसाद रोकाया, ठुलीभेरी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाका निमित्त शाखा प्रमुख कमल बुढा, विभिन्न माध्यमिक विद्यालयहरु, आधारभुत विद्यालयहरु र संस्थागत विद्यालयहरुका प्रधानाध्यापकहरुको उपस्थिति रहेको थियो ।

### सरकार गठनका ..... .... ....

परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ । उपधारा (४)मा उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ । उपधारा (५)मा उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ । उपधारा (६)मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नुपने छ । त्यस्तै, उपाधारा (७)मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुनेगरी निर्वाचनको मिति तोक्नेछ ।

उपधारा (८)मा संविधानबमोजिम भएको प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले ३५ दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने प्रावधान छ ।

### सुरक्षित खानेपानी ......

संचालन भएको हो ।

डिकेट डोल्पाको सहयोगमा वडा नं. २, ८ र ९ मा एक घर एक धारा निर्माण सम्पन्न भएको र ८ नं वडाको गौरि आधारभुत बिध्यालयमा बालमैत्रि धारो निमार्ण, लगायत बालमैत्रि र अपाङगता मैत्रि सौचालय समेत निर्माण भएको डिकेट डोल्पाले जनाएको छ । वडा नं. २, ८ र ९ मा निमार्ण भएका एक घर एक धारा बनेकोमा धारामा नियमित रुपमा पानी आउँने राम्रो स्थानीयहरुलाइ राम्रो सुबिधा भएको सो कार्यक्रमले समुदायमा सकरात्मक प्रभाव पारेको डिकेट डोल्पाका अध्यक्ष्य हरिप्रसाद डाँगीले बताउँनुभयो ।

### हिउँचितुवा आहारा .........

गरिएको संरक्षण अधिकृत भण्डारीले बताउनु भयो ।

यस्तैविच शे फोक्सुण्डो राष्ट्रिय निकुन्ज कार्यालय डोल्पाको आयोजनामा डब्लु डब्लु एफ नेपालको सहयोगमा समुदायद्धारा सञ्चालीत पशु बीमा कार्यक्रमको बितिय व्यवस्थापन सम्बन्धी तालिम सुरु भएको छ । शे फोक्सुण्डो गाउँपालिका वडा नं. ८ रिग्मोमा स्थानीयहरुको सहभागीतामा संचालीत उक्त तालिम यहि मंसिर १७ गते सम्म संचालन हुने शे फोक्सुण्डो राष्ट्रिय निकुन्ज कार्यालय शुलिगाड डोल्पाले जनाएको छ । निकुन्ज भित्रका स्थानीय समुदायका कृषकहरुका पशुवस्तुमा वन्यजन्तुले क्षेती पुर्‍याउने भएको हुदा स्थानीय कृषकलाई सिधै पशुविमा संग कसरी सम्पर्क गर्न सकिन्छ,पशु विमा बाट कस्ता खालका लाभ लिन सकिन्छ भन्ने विषयमा सहभागीहरुलाई तालिम दिईने जनाईएको छ ।

"अपाङ्गता भएका महिलाविरुद्ध हुने हिंसा अन्त्यका लागि साझेदारी, न्यायमा पहुँचका लागि एकतावद्ध खबरदारी"

➢अपाङ्गता भएका व्यक्तिको सशक्तिकरणको लागि आधुनिक प्रविधिको प्रवर्द्धन गरौं,

➢सार्वजनिक विद्युतीय सूचना प्रणाली प्रणालीलाई पहुँचयुक्त बनाऔं।

➢अपाङ्गता भएका महिलाहरुको यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सुनिश्चित गरौं

➢सबै अपाङ्गता भएका व्यक्तिहरुको मानवअधिकार सुनिश्चित गरौं।

३१औं अन्तरराष्ट्रिय अपाङ्गता दिवस सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाताः रुपलाल वोहोरा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगरपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

## सम्पादकीय

# सरकार अस्थिर हुने संकेत

आवधिक निर्वाचन सम्पन्न भएको छ । यही महिनाको ४ गते भएको प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनको परिणाम सार्वजनिक भैसकेको छ । समानुपातिक प्रणाली अन्तर्गतको १, २ सिट तलमाथि होला करिव कुन दलले कति कति सिट पाउछन् भन्ने निक्यौल भैसकेको छ ।

यो निर्वाचनको परिणामले कुनै पनि राजनीतिक दललाई बहुमत प्राप्त हुन सकेन । अर्को कुरा २ वटा राजनीतिक दलहरु मिलेर पनि बहुमतको सरकार नबन्ने पक्का भयो । पहिलो र दोस्रो तथा नेपाली काँग्रेस र नेकपा(एमाले) मिल्ने स्थिति बाहेक अरु ५, ६ राजनीतिक दलहरु मिलेर मात्र सरकार बन्ने स्थिति बनेको छ । यसरी धेरै राजनीतिक दलहरु मिलेर सरकार बनाउनु पर्ने अवस्था आउने बित्तिकै सरकार अस्थिर बन्ने संकेत हो । यसले देशको लागि निकै घातक बन्न सक्छ ।

मतपरिणाम आउँदै गर्दा प्रतिनिधिसभामा मात्र होइन सात वटै प्रदेशमा कुनै पनि राजनीतिक दलको बहुमत आउन सकेन । यसले देशमा सरकार गठनमा निकै कसरत गर्नु पर्ने र सानासाना दलहरुलाई पनि कुनै न कुनै शक्तिमा भागबण्डा गर्नु पर्ने, साना भाग नमिले सरकारमा गएकाले हात झिक्ने, सत्ताको बार्गेनिङ् गर्ने लगायतका विभिन्न पद तथा शक्तिमा योग्य व्यक्तिहरु भन्दा भागबण्डाको राजनीतिको खेल हुने संकेत बढेको छ । यसले देश र जनताको भन्दा आफ्नो सत्ता र दलीय स्वार्थमा दलहरु रुमलिने अवस्था आएको देखिन्छ ।

एउटा प्रकार सिटका हिसाबले पहिलो पार्टी नेपाली काँग्रेस र लोकप्रिय मतका हिसाबले पहिलो पार्टी एमाले मिल्न सक्यो भने स्थिर बन्न सक्छ । तर कुनै पनि देशमा यसरी पहिलो र दोस्रो पार्टी मिलेर सरकार बनाउने अभ्यास देखिदैन । दोस्रो पार्टी प्रतिपक्षमा बस्नु पने जनादेश मानिन्छ । तर पनि सरकार अस्थिर हुन थाल्यो देश बर्बाद हुने भयो भने किन नमिल्ने मिल्न सक्छ । हुन त यस प्रकारको सरकार अधिनायकवादी हुन्छ भन्ने चलन पनि छ । यी दुई प्रजातान्त्रिक चरित्र बोकेका पार्टीहरुले अधिनायकवादी शासन गर्छन् भन्नु असम्भव छ ।

नागरिकता पाउने वित्तिकै उ सचेत नागरिकहरु भैसकेको अवस्था मानिन्छ । उसलाई मतदानको अधिकारका लागि मतदाता परिचयपत्र प्रदान गरिहएको हुन्छ । नेपालमा संघीय शासन प्रणाली सुरु भए पछि यस अघि २०७४ सालमा पहिलो पटक प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन भएको थियो । त्यो निर्वाचनले दिएको जनादेश अनुसार ५ वर्षे कार्यकाल सहिए पछि यही मंसिर महिनाको ४ गते दोस्रो पटक प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको निर्वाचन भएको हो । यस निर्वाचनका मतपरिणामहरु आइसकेका छन् । मतपरिणाम हेर्दा नेपालमा अवको सरकार गठनका लागि निकै कसरत गर्नु पर्ने अवस्था देखिन्छ । यस प्रकारको कसैले पनि बहुमत नपाएको अवस्थामा विदेशी दलालहरु र कमिशनखोरिहरुले अनावश्यक चलखेल गर्ने खतरा बढ्छ । बढि रहेको पनि छ । केही दिन अघि भारतिय राजदुतले भेटघाट थालेका छन् । अरु पनि सलबलाउने छन् । विदेशी चलखेल सुरु भयो ।

# हितको हिमाल

विष्णु अधिकारी पादुका
बिन्दुको वृत्तबाट

कालो टाउको जुरुक्क
टीका लगाउन उठेपछि हो
झुक्किएको सेताम्मे टाकुरो झैं
आफ्नो नाक जत्ति उचाले पनि
देख्ने आँखा बिचको नाक थ्याप्चो छ
लाग्छ
यही हिमालको सिरेठोले खियाएर
थेप्चियो कि ।

पहाडका रसिला फल
तराईका स्वादिला खाना
प्याकेजिङ कम्पनीको पेवा भएर हो कि
हिमाल वरपर नाङ्गा देखिएका थुम्काहरु
आकाशमा उडेका पुतलीले यार्सागुम्बाका
बिउ बोकेर उडे पनि
लेकका चौरीको
अन्त्य
लोटेर हुन छुटेको छैन
करोडौंको कारोबार
कस्तुरीसँगै हराएको
कोकोहोलो सुनिन्छ
कार्माकी कान्छी छोरीको कलिलो बैसमा
भएको बिहे
र
पहिलो गर्भधारणमै
सकिएको इहलीलाको पीडा
हेलिकप्टरको हल्लाले छोपिन सकेन

गलाभरि लामाका जन्तर भिरेर
ग्वालामा नियुक्त गोरे लामा
लामो समय स्कुलमा गयल भएपछि
एक दिन सरको लामो लठ्ठी थाप्न विवश

अझै उसले बुझ्न पाएको छैन कि
उसलाई किन पिट्दैछ मास्टर ?
आफूले पालेका पाठालाई पनि ऊ
यसरी पिट्दैन जसरी ऊ पिटिन्छ

भोटमा भोट माग्न आउँदा
आउँछ भनेको बाटोमा
आफ्नै मान्छे हराएको
शोकमा
आस्याङ(मामा)ले ज्यान गुमाएर
रित्तो घोडा फर्केपछि
आङ्मुका आँखामा घाम नझुल्केको
धेरै भयो

रेडियो, टिभी, टेलिफोन अनि मोबाइलमा पनि
खबर आउँछ रे
सुनेको पनि धेरै भयो
अनि धेरै भयो
पारिको बारीमा चिसो खोलो तरेर वारिपारि गरेको

विकास आयो रे
गयो रे

खै कतै देखिँदैन त ।
एक्लै च्याँङ्ग इजी बोल्दै छन्
भेडाको पाठो काखमा च्यापेर
सिरेठोले जवाफ लिएर कहिल्यै आएन ।

खेलकुद

# लुम्बिनी प्रदेश फाइनलमा

सुस्केरा समाचारदाता
काठमाडौं, मंसिर - साबिक विजेता लुम्बिनी प्रदेश यू-१९ राष्ट्रिय क्रिकेट प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । त्रिवि मैदान कीर्तिपुरमा शनिबार भएको खेलमा लुम्बिनीले मधेस प्रदेशलाई ५८ रनले हरायो । फाइनलमा लुम्बिनीले सुदूरपश्चिमसँग प्रतिस्पर्धा गर्नेछ ।

जितका लागि दुई सय २३ रनको लक्ष्य पछ्याएको मधेस ४५.४ ओभरमा एक सय ६४ रनमा समेटिएको थियो । मधेसका लागि मयान यादवले सर्वाधिक ३८ रन बनाउनुभयो । सर्फराज मन्सुरीले ३१ र अलि अन्सारीले २२ जोड्नुभयो । बलिङमा लुम्बिनीका अभिषेक गौतम र विशाल विक्रम केसीले समान तीन तीन विकेट लिनुभयो । तुलबहादुर थापा, नर सार्की, दुर्गेश थापा र निर्मल गुरुङ समान उक एक विकेट झार्नुभयो । यसअघि टस हारेर पहिले ब्याटिङ गरेको लुम्बिनीले निर्धारित ५० ओभरमा नौं विकेटको क्षतिमा दुई सय २२ रन बनाएको थियो । लुम्बिनीका लागि प्रज्वल थापाले सर्वाधिक ८५ रन बनाउनुभयो ।

नर सार्कीले अविजित २६, आकाश त्रिपाठीले २३, विशाल भुसाल र नरेन गुरुङले समान १३ १३ र देव खनालले ११ रन जोड्नुभयो।बलिङमा मधेस प्रदेशका निकेश गुप्ताले तीन, अभिषेक तिवारी र नितेश यादवले समान दुई दुई तथा अविजित मन्डलले एक विकेट लिनुभयो । लुम्बिनीको जितसँगै बागमती प्रदेश बाहिरिएको छ ।

# व्यावहारिक शिक्षाको आवश्यकता

- श्रीप्रसाद प्रसाई(राजधानीबाट)

एकेडेमिक शिक्षा विश्वमै लोकप्रिय मानिन्छ । शैक्षिक प्रतिस्पर्धा पनि चुलिँदै गएकाले अहिलेका युवा पिँढीका लागि स्तरयुक्त शिक्षा जीवनको आधार मानिनु स्वाभाविक हो । अन्तर्राष्ट्रिय मापदण्डअनुसारको शिक्षा अहिले हरेक देशले प्रदान गर्दछ । एकेडेमिक शिक्षामा नेपाल पनि पछि छैन । कतिपय नेपाली विद्यार्थी शिक्षाको क्षेत्रमा विश्वमै चर्चित बनेका छन् । त्यो हामी सबैको निम्ति गौरवको विषय हो । ऐकेडेमिक शिक्षालाई सर्वोपरि ठान्ने अहिलेका पिँढीले भविष्य सुनिश्चित गराउने आधारकै रूपमा यसलाई हेरेको भए पनि एकेडेमिक शिक्षा मात्र जीवनको सर्वोपरि शिक्षा होइन भन्नेतर्फ ध्यान पुर्‍याएका छैनन् ।

वास्तवमा एकेडेमिक शिक्षाले व्यक्तिलाई अगाडि बढाउँछ । विश्व परिवेशअनुकूल स्थापित गराउँछ । यसैको माध्यमबाट सुखी र समृद्धि प्रदान गराउँछ । मानसम्मान र प्रतिष्ठा कमाउँछ तर त्यो अल्प समयकै निम्ति मात्र हो, जीवनभर सदावहार हुन सक्दैन भन्ने कुराको सोचसम्म युवा पिँढीमा देखिँदैन । तर, वास्तविकता त्यो होइन । एकेडेमिक शिक्षालाई मात्र हामीले सर्वोपरि मान्नुहुँदैन । हामीलाई जीवनयापनका निम्ति एकेडेमिक शिक्षा सँगसँगै व्यावहारिक शिक्षा पनि उतिकै आवश्यक हुन्छ भन्ने कुरा सबैले महसुस गर्नुपर्दछ । सामान्यतया एकेडेमिक शिक्षाले विश्व परिचित गराउँछ । विविध पक्षको ज्ञाता बनाउँछ । दिनचर्या सहज गराउँछ । सक्षम एवं सामर्थ्यवान भएसम्म टेवा दिन्छ तर जीवनको उत्तरार्द्धमा प्रवेश भएपछि एकेडेमिक शिक्षा आफैं निष्क्रिय बन्दै जान्छ भन्ने कुरा धेरैलाई विश्वास नलाग्ला ।

व्यावहारिक शिक्षा किन आवश्यक हो वा यसको आवश्यकता र महत्व बुझ्न हामीले आफ्नै बाल्यावस्था र समाजकै अग्रज पिँढीको दिनचर्यालाई हेर्नुपर्ने हुन्छ । अर्थात् बालक र वृद्धको जीवनयापन प्रक्रियालाई हेरे मात्रै व्यावहारिक शिक्षाको आवश्यकता र महत्व बुझ्न सकिन्छ । हरेक व्यक्तिको निम्ति आफ्नो परिवार नै पहिलो शिक्षालय हो भने परिवारका अग्रज सदस्य नै शिक्षक प्राध्यापक हुन् । उनीहरूबाटै हामीले प्रारम्भिक शिक्षा प्राप्त गरेका हुन्छौं । प्रारम्भमा परिवारबाट प्राप्त हुने प्रारम्भिक शिक्षाको स्तर पनि पारिवारिक वातावरणअनुकूल फरक-फरक हुन्छ भन्ने हामीले बुझ्नुपर्छ । पारिवारिक शिक्षाबाट हामीले आर्जन गने ज्ञानमध्ये पारिवारिक सदस्यबीच गर्नुपर्ने माया ममता, आदर सम्मान, पारिवारिक एवं सामाजिक व्यवहार, आपसी सम्बन्ध, चालचलन र बानीबेहोरा तथा जीवनयापनको प्रक्रिया, सुनिश्चित भविष्य'दयगत प्राप्त हुने शिक्षा प्रमुख हुन् । पारिवारिक शिक्षा सबैको ज्ञानआर्जनको पहिलो चरण हो । यसपछि व्यक्ति विद्यालय शिक्षाको दोस्रो चरणमा प्रवेश गर्दछ । विद्यालय, महाविद्यालय, हुँदै विश्वविद्यालयबाट उच्च शिक्षा आर्जन गरेपछि खोज अनुसन्धानको अन्तिम चरण पार गर्दा व्यक्तिको औपचारिक शिक्षा पूरा भएको मानिन्छ । तथापि, व्यावहारिक शिक्षाको भने अन्त्य कहिल्यै हुँदैन । किनकि, बाँचुन्जेलसम्म नै मानिसले अनुकरणीय नयाँ कुरा सिकिरहेकै हुन्छ । यस परिप्रेक्ष्यमा ज्ञान आर्जन गर्ने कार्य अनन्त हुन्छ । ...............

संस्कृति, कला, बाल संशार



डोल्पाबाट चोरी हुने गरेका बुद्ध मुर्तिहरुका बारेमा लेखिएको पुस्तक हिजो शनिवार बिमोचन भएको छ । पुस्तक प्रदर्शन गर्दै टुल्कु रानाक रिन्पोचे ।

# समानुपातिकमै समावेशी भर

सुस्केरा समाचारदाता
काठमाडौं, मङ्सिर - प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको मतपरिणाम अन्तिम चरणमा छ । प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष)तर्फ तीन निर्वाचन क्षेत्रको मतपरिणाम आउन मात्रै बाँकी छ ।

प्रत्यक्षतर्फको प्राप्त परिणाम बमोजिम १ सय ६४ निर्वाचन क्षेत्रमध्ये ९५ स्थानमा खसआर्य निर्वाचित भएका छन् । परिणाम आएको निर्वाचन क्षेत्रमा ५८ प्रतिशत खसआर्य छन् ।

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन अनुसार सङ्घीय संसद्मा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्नेमा प्रत्यक्षतर्फ मात्र आठ जना निर्वाचित भएका छन् । जुन निर्वाचित भएकाको चार प्रतिशत मात्र हो । निर्वाचन आयोगको कानुन तथा राजनीतिक दल व्यवस्थापन महाशाखाका प्रमुख यज्ञप्रसाद भट्टराईले प्रत्यक्षमा जे-जसरी निर्वाचित भए पनि राजनीतिक दलले बुझाएको बन्दसूचीबाट सम्ब न्धित 'क्लस्टर'को सङ्ख्या पु-याएर नै सङ्घीय संसद्मा प्रतिनिधित्व सुनिश्चित गरिने बताउनुभयो ।

उहाँले आयोगमा राजनीतिक दलले बुझाएको बन्दसूचीमा सबै 'क्लस्टर'मा ५० प्रतिशत महिला उम्मेदवार रहेकाले ऐनले सुनिश्चित गरेको समावेशी आधार बन्दसूचीबाट सुनिश्चित गरिने बताउनुभयो ।

निर्वाचन परिणामब मोजिम आठ जना महिला निर्वाचित भएकोमा चार जना खसआर्य, दुई जना मधेशी र दुई जना आदिवासी जनजाति समावेशी समूहका छन् । प्रतिनिधि सभा सदस्य ऐनले उम्मेदवारको बन्दसूचीका लागि तोकेको समावेशी आधारमा थारू समुदायबाट ६.६ प्रतिशत र मुस्लिमबाट ४.४ प्रतिशत हुनुपर्नेछ । सबै दलको समावेशीता यही बन्द सूची एवम् समानुपातिकबाट बन्ने छ

## सामान्य ज्ञान १०

*१. प्रसिद्ध सात गाउँले जात्रा कहाँ प्रचलित छ ?*
*- कीर्तिपुर*
*२.कास्कीका नौवटा ताल रामसार सूचीमा कहिले सूचीकृत भएकाहुन् ?*
*- वि.सं. २०७२ माघ १९ (सन् २०१६ फेब्रुअरी २)*
*३. प्रसिद्ध तीर्थस्थल स्वर्गद्वारी प्युठानमा पर्छ भने कागबेनी कहाँ पर्छ ?*
*- मुस्ताङ*
*४. कुन देवतालाई पारसनाथ भनिन्छ ?*
*- पशुपतिनाथ*
*५. भारती खरेल स्मृति पुरस्कार २०७९ कसलाई प्रदान गरियो ?*
*- वासुदेव त्रिपाठी*
*त्यसैगरी भारती खरेल स्मृति पुरस्कार २०७७ र २०७८ क्रमशः वरिष्ठ गीतकार किरण खरेल र माइती नेपालका संस्थापक अनुराधा कोइरालालाई प्रदान गरिएको ।*
*पुरस्कार राशि ५१ हजार रुपियाँ रहेको ।*
*६. पञ्चमहाभूत भन्नाले के-केलाई बुझाउँछ ?*
*- पृथ्वी, जल, तेज, वायु र आकाश*
*७. संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (यूएनएफपीए)को तथ्याङ्कअनुसार विश्वको जनसङ्ख्या कति पुगेको छ ?*
*- आठ अर्ब (यूएनएफपीएले सन् २०२२ नोभेम्बर १५ मा सार्वजनिक गरेको प्रतिवेदनअनुसार विश्वको जनसङ्ख्या आठ अर्ब पुगेको । )*

# कर्णालीलाई फर्केर हेर्दा

मेरो मुगु र डोल्पा बसाइका बेला
 ..... के गर्नु अघि बालकाल दिनको,
त्यो लाड मेरो गयो ।
खेल्थें आँगन चौरमा घर कुरी, लौ
आज यस्तो भयो ॥
सानै बालखमा बनाई टुहुरो, बाबा र
आमा गए ।
तिम्रै प्यार मिठास पाई जननी, हुर्की
तरुनु भएँ ॥४॥
आमा भन्नु मलाई सौख अधिको, छौ
कान्छिआमा त्यहाँ ।
माया लाग्छ अति खपी नसकिनु, बिर्सु
कसोरी यहाँ ॥
खेतीपाती चलाउँदै सकलमा, बोली
सुमीठो गर ।
सारा छन् घरबारीका सब कुरा, लौ
आज तिम्रै भर ॥५॥
फिर्नन् चाड तिहार पर्व हँसिला, भाषा
लिई चम्किला ।
फुल्नन् फूल ढपक्क बारी भरिमा, र
ता पँहेला नीला ॥
मेरो नाम लिंदै उनी फूलहरू, सम्झेर
भाइकन ।
बैनी बर्वरसाथ आँसु गह ली, रोलिन्
नरोऊ भन ॥६॥
मेरा दौतरी वल्लापल्ला घरमा, खेल्दा
होलान् हर्षमा ।
आमा कै प्रिय लाडमा लडिबुडी, बस्दा
होलान् साथमा ॥
मैले के अपराध गरेँर भगवान् !, आमा
गईन् स्वर्गमा ।
सम्झी पागल हुन्छ यो मन सँधै, बाँचु
म कुन हर्षमा ॥७॥
त्यो मेरो वन भेकमा रहर ली, बासिनदे
ऊ ढुक्कुर ।
बारीमा भँवरा नभन्की अब देऊ, उम्री
नदेऊ अङ्कुर ॥
नौला बाँसुरी साँझमा तिरितिरी, बज्दै
नबज मादल ।
ऐसेलु, खजुरी, गुहेली बनमा, पाकी
नदेऊ काफल ॥८॥
आमा सेवन गर्छ आज कसले, मेरा
यसै दिन गए ।
दाजू ती परदेशबाट घरमा, फिर्दै नपि(
र्ने भए ॥
कैले सम्झी असैह्य हुन्छ मनमा, खुब
दुःख्ख तिम्रा हुनन् ।
को देला कपडा शरीर बीचका, ऐले
पुराना हुनन् ॥९॥
तिम्रा दुःख सबै नमेटी मइँले, पारी
कसोरी तरुँ ?
प्यारो यो नयपाल देश भूमिको, सेवा
कसोरी गरुँ ??
सप्नामा विपना सदा दिनदिनै, चिन्ता
हरेक सम्झना ।
को हेर्ला यही छातीभित्र भरको, नौ
लाख यी वेदना ??१०??
कस्ले भन्छ मलाई हर्ष मनले, स्यावास
बाबु भनी ?
कस्ले भोक र प्यास चिन्छ मनको,
मेरो सहारा बनी ??

सप्ना झैँ हुन गो तथास्तु अहिले,
आमा त नाता रहोस् ।
तिम्रै सौख्य र शान्तिले दिन बितोस्,
क्यै दीर्घ आयु भवोस् ॥११॥
मेरा दुःख नसिद्धिने जुगभरि, आमा म
लेखौं कति ?
बीदा हुन्छु यहाँ म उत्तर दिनु, जो हाल
होला जति ॥
लाखौं दुःख सहेर ढुक्क मनले, चिन्ता
नलिने गर ।
फर्कुला म छिटै कुनै दिनपछि, सम्झेर
प्यारो घर ॥१२॥
२०३९ साउन ५ गते मङ्गलबार ।
(सौजन्य : मोतिराम भट्टकै
हस्तलिपिबाट, उनकै स्वीकृतिमा)
अनि नोदराजजीले भोलि बिहान
कार्यालयमा आउनुहोला अनि जिल्ला
शिक्षा अधिकारीज्यूसँग कुराकानी
गरौंला ... भनी बिदा गर्नुभयो । हामी
दुईबीच एकछिन चर्चाकै विषय बने
थे - मोतिराम भट्ट !
सङ्गत गुनको फल
(घर र दिपेन्द्रलाई कवितात्मक पत्र)
मोतिरामजीको उक्त पत्रले मलाई
पनि घर आमा-बुबालाई र साथी दिपे
न्द्रलाई निम्नानुसार पद्यात्मक पत्राचार
गरेथें । घर लेखेको पत्रमा भने मो
तिरामजीको वैयक्तिक मसँग अमिल्दा
व्यहोरा बाहेक वहाँकै नक्कल गरेथे
ँ भने दिपेन्द्रलाई निम्नानुसारको पत्र(
ाचार गरेथें ।
दिनाङ्क : २०४०।११।१० गते बुधबार
कोटबाडा, धैन, मुगु ।
परम प्रिय मित्रवर 'लेकाली' !
असीमाविरलाटुटेस्मृति ।
सौन्दर्यको पगरी लगाएर सुवासनाको
उपहार सम्पन्न कुसुमको जीवनी
कालान्तरमा ओइलिए झैं मुटुभित्रको
रगतको गहिराइमा चपलक्क चो
पलिई आत्मवत् समहृदयी भपरहे
का सन्मित्रसँगको सद्व्यवहार पनि
आजकै परिधभित्र रुनलिन पुगिसकेर
हो कि ? ... मनभित्र कता-कता
असामञ्जस्यता खुल्दुलिएको भान पर्न
गएको फलस्वरूप,
धेरै दिन् पछि यो, भेट्घाट हुन गो,
कापी कलम्को यहाँ ।
आरामै छु यहाँ, सखे होम सहित्, आर
ाम चाहन्छु त्यहाँ ॥
खासै केई समचार्, थिएन रपनि,
स्मृती अटल् भैदियोस् ।
भन्ने मन् हुनगो, र पत्र अनुसार, कै
सम्झना रैदियोस् ॥१॥
श्रावण मास महाँ, सबै बिच त्यहाँ,
बात्चित गर्दा पनी ।
गल्ती केफ हुन गै, यसो हुन गयो,
थाहा मलाई छैन नी ॥
जाहाँसम्म मला-इ लाग्छ तिमिले, को
इ त्यस्तरी भूल् पनी ।
भैजाए पनि माफ्, कुनै समयको, दे
उला सखे हो भनी ॥२॥

पूनः यो अनुरोध्, म गर्छु तिमिमा,
क्षमा दिलाई मलाई ।
पुछ्देउ लोचनका, यि आँसु जुनचाइँ,
आउँछन् हृदये जलाई ॥
गरे पनी केई, भुल त्रुटि मैले ।
पठाइ देउ एक्, चिठि पत्र ऐले ॥३॥
हुनेछ शान्ती, त्यही पत्र हेरी ।
विकट् मुगुमा, आइन्न कि फेरी ॥
म बस्छु ऐले, यहि कोट धैन ।
हुनेछ बाँचे, मिलन् जेठ मैना ॥४॥
तिमी नरिसा-उन भट्ट दिपू ।
कला तिमीको, म कसोरि सिकू ॥
परें म शिक्षक्, तिमि कर्मचारी ।
छुट्याउन पा-नी र दूध विचारी ॥५॥
बजाउँछु मा-दल कोठा मै छ ।
म गाउँछु गीत्, पनि ओठ मै छ ॥
म पिउँछु चीसो, बरफै यहीं छ ।
भुली दियौ सइँ, दुःख नै यही छ ॥६॥
वरीपरी सुन्दर चूलि हीउँ ।
छ ता पनी पा-नि नपाइ बीऊ ॥
नबढ्न सक्दा, जिमिमा थपक्क ।
बसे तिमीले, भुले झैं चटक्क ॥७॥
वयान उत्तम्, यसको यही छ ।
जुन्चाहिं तिम्लाई, पहिल्यै थाहा छ ॥
बरू सुनाउ सो-मु र रामुलाई ।
छ सम्झना यै, चिठीमा तिन्लाई ॥८॥
अरू परिचित्, सब साथीलाई ।
बन्दे सुनाऊ, सबमा मिलाई ॥
तिमी भनेछ्, तपाइँको सट्टा ।
सँच्याई भूल् यो, क्षमा दिनू झट्ट ॥९॥
अन्त्यमा पिर केइ, नहोस् मनमा, रक्षा
गरुन् देवता ।
घुन्पुत्लो तनको, हटाइ सकुशल्-को,
प्रार्थना एउटा ॥
मेरा दुःख नसि-द्धिने जुगभरी, मित्रे म



तिलक पौडेल

लेखौं कति ।
बीदा हुन्छु सखे !, म उत्तर दिनु, जो
हाल होला सबै ॥१०॥
शुभेच्छुक
तिलक पौडेल
सार्वजनिक रूपमा आफ्नै कविता पाठ
गरेको जीवनको पहिलो दिन !
भोलिपल्ट म पनि शिक्षा कार्यालयमै
थिएँ । दोलखबहादुर गुरुङ का.मु.
जिशिअ. हुनुहुन्थ्यो । नोदराजजीले मो
तिरामजी आएपछि जिशिअसाहेबसँग
परिचय गराउनु भयो । जिशिअसाहेबले
□ए ! तपाइँ कवि हुनुहुन्छ ? त्यसोभए
उऽऽऽ ती चल्लाको बारेमा २/४ श्लो
क लेखेर सुनाउनुहोस् त ! ...□ भनेर
हिज्जसो कुखुराको माउलाई स्यालले
लगिदिनाले टुहुरिएका ५/६ वटा चल
लाहरू किंबुको रुखमुनि डोकाभित्र
चिउँ-चिउँ ... कराइरहेका थिए, तिर
इङ्गित गर्नुभयो । नभन्दै मोतिरामजीले
एकैछिनमा ४ हरफ कविता लेखेर
सुनाउनु भयो । तब जिशिअसाहेबले
□लौ वहाँलाई माङ्गीको प्रावि. दरबन(
दीमा पठाइदिनु□ भन्नुभयो ।
...... क्रमशः ..............

## शे फोक्सुण्डो गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

शे फोक्सुण्डो गाउँपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

# सहकार्यको सन्देश

- श्रीमननारायण

हालै सम्पन्न प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको धेरैजसो परिणाम सार्वजनिक भएको छ । समानुपातिकतर्फको मतगणता जारी नै रहेका कारण यसको सम्पूर्ण परिणाम घोषित गर्न अझ केही दिन लाग्न सक्छ तर सङ्घमा कुनै एक दलको नेतृत्वमा सरकार गठन हुने सम्भावना देखिँदैन । चुनावअघि अस्तित्वमा आएको पाँच दलीय गठबन्धनले आफ्नो सहयात्रालाई निरन्तरता दिन खोज्यो भने नयाँ सरकारको गठनमा समस्या हुने छैन तर नेपालका राजनीतिज्ञहरूमा रहेको सत्ताप्रतिको असीमित महत्वाकाङ्क्षाले नयाँ सत्ता समीकरणलाई पनि अस्तित्वमा ल्याउन सक्ने सम्भावनलाई नकार्न सकिँदैन । समानुपातिक निर्वाचन प्रणालीका कारण नेपालमा कुनै एक पार्टीको नेतृत्वमा बहुमतको सरकार अस्तित्वमा आउने सम्भावना रहेन । यस पटकको निर्वाचन परिणामले देशको राष्ट्रिय राजनीतिमा वर्षौंदेखि स्थापित शक्तिलाई सम्भावित खतराको जनाउ घन्टी बजाएको छ । यसपालिको निर्वाचनमा सुनिएको ‘घन्टी’को ध्वनि र परकम्पले नेपालमा आफूलाई मात्र सर्वशक्तिशाली ठान्ने दलहरूको जडोलाई नै हल्लाइदिएको छ । पहाडका जिल्लामा राष्ट्रिय प्रजातन्त्र पार्टी र स्वतन्त्र पार्टीले प्राप्त गरेको सिट र मतलाई नयाँ विकल्पको सङ्केत गरेको छ । ठूला दल भरसक उपरोक्त दुई दललाई समेत सरकारमा ल्याउन हरसम्भव प्रयास गर्नेछन् । हामी नेपालीहरू अलि बढी नै भावुक र संवेदनशील हुने गर्दछौँ, सायद त्यही भएर होला रातारात कसैलाई आफ्नो नायक र मसिहाको रूपमा स्वीकार गर्दछौँ । जबकी प्रस्ट राजनीतिक दृष्टिकोण, दूरदृष्टि, समर्पण, त्याग, निष्ठा, अनुभव र परिपक्वताबिना को ही जननेता कसरी बन्न सक्छ ? रातारात नायक पनि ठान्ने तर तिनको एउटा सानो गल्तीका लागि फेरी खलनायक गद्दार, राष्ट्रघाती र अवसरवादीसम्म घोषित गर्न पनि हामी पछि पर्दैनौँ । जबकी नेतृत्वप्रतिको विश्वास यति चाँडो विकसित हुनै सक्दैन, नत कसैप्रति यति चाडो घृणाको भाव नै उत्पन्न हुन सक्छ । कोही रातारात जननेता कसरी हुन सक्छ ? एउटा वडा र नगरपालिकाको प्रमुख भएर पदीय जिम्मेवारीको निर्वाह गर्नु र देशको प्रधानमन्त्री र प्रदेशको मुख्यमन्त्री भएर पदीय दायित्वको निर्वाह गर्नुमा ठूलो अन्तर हुन्छ ।

तराई मधेशमा जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त राउतले उपेन्द्र यादवलाई, यादव बाहुल्य निर्वाचन क्षेत्रमा ऐतिहासिक मतान्तरले पराजित गर्नु ठूलो उपलब्धि हो । यस पार्टीले महन्थ ठाकुर नेतृत्वको लोसपालाई त हदैसम्म कमजोर बनाउने काम गऱ्यो । उपेन्द्र यादवको पराजयले आगामी दिनमा यस पार्टीलाई एकजुट रहन दिने छैन । आगामी पाँच वर्ष उपेन्द्र यादव नेतृत्वका लागि निकै चुनौतीपूर्ण हुनेछ । लोसपाका प्रमुख नेता राजेन्द्र महतोको पराजयले उनलाई पार्टीमा झन् कमजोर बनाउनेछ । हुन त उनी अब त्यति बढी बलियो पनि रहेनन् न त उनका कहीँ कतै कार्यकर्ता नै सुरक्षित रहन गएका छन् । कालान्तरमा उपेन्द्र यादव र महन्थ ठाकुरले पनि उनकै मार्गलाई पछ्याए । आज जसपा र लोसपाको पराजयबाट मधेशकै बहुसङ्ख्यक जनता खुसी छन् । मधेश प्रदेशको नेतृत्व अब जसपाको हातमा नरहने निश्चित छ । गतवर्ष राजपा अहिलेको (लोसपा) र सङ्घीय समाजवादी फोरम (अहिलेको जसपा) ले मिलेर बहुमत ल्याएको थियो अहिले दुवै मिलेर पनि त्यसको आँधी सङ्ख्या पनि कटाउन गाह्रो छ ।

पाँच दलीय गठबन्धन चुनावअघि अस्तित्वमा आउँदा यसमा सामेल दलभित्र कुनै वैचारिक समानता थिएन । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीद्वारा प्रतिनिधि सभा विघटन गराई मध्यावधि चुनावको घोषणा गराइएको कुरा यी दललाई मन परेन र सर्वोच्च अदालतको परमादेशबाट अस्तित्वमा आएको सरकारका सहयात्री भएका कारण सत्ताधारी गठबन्धनका दलबीच स्वाभाविक रूपमा नै गठबन्धन हुने भयो । अपेक्षित सिट नपाएको झोकमा जसपा सत्ता गठबन्धनबाट बाहिर हुन पुग्यो र जसपाको बहिर्गमनको प्रतीक्षा गरिरहेको लोसपा त्यहाँ प्रवेश गऱ्यो । चित्रबहादुर केसी नेतृत्वको जनमोर्चा रहेको ठाउँमा जसपा कसरी यति लामो समयसम्म सहयात्रा र सहकार्य गर्न सक्यो तथा सोही कार्य गर्न लोसपा किन लालायित रह्यो बुझ्न सकिएन, जब कि सैद्धान्तिक रूपमा जनमोर्चा र मधेशी दलहरू एक नदीका दुई किनारा सरह छन् ।

यस निर्वाचनमा प्रस्तुत भएका प्रमुख दुई राजनीतिक गठबन्धनबीच वैचारिक समानता थिएन । साझा प्रतिबद्धतापत्र पनि जारी भएन । विगतका दिनमा गठबन्धनको सरकार अस्तित्वमा आउँदा साझा न्यूनतम कार्यक्रम जारी हुने गर्दथे । अचेल गठबन्धनमा सामेल दलका नेताबीचको सहमति (लिखित वा मौखिक) ले नै यसलाई एकअर्कासित गाँसेको हुन्छ । सत्ताधारी पाँच दलीय गठबन्धनमा नेपाली कांग्रेसजस्तो देशको सबैभन्दा पुरानो र ठूलो लोकतान्त्रिक पार्टी रहेको छ भने नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीजस्ता वामपन्थी राजनीतिक दलहरू पनि छन् । कहिल्यै एकअर्काको सिद्धान्तसित मेल नखाने जनमोर्चा र लोकतान्त्रिक समाजवादी पार्टी पनि सत्ताधारी गठबन्धनमा थिए । अब चुनाव सकिएको छ, सम्भवतः यसै गठबन्धनले निरन्तर पाउने अनुमान छ । नेकपा एमालेको नेतृत्वमा रहेको गठबन्धनको संरचना झन् आश्चर्यलाग्दो छ । नेकपा एमाले त्यस पार्टीको अध्यक्ष केपी शर्मा ओलीको नाम पनि सुन्न नचाहने जसपाका नेताहरूको निम्ति ओली यस चुनावमा पुज्य ईश्वरजस्तै समानित थिए । जसपा र नेकपा एमाले बीचको चुनावी गठबन्धन अस्वाभाविक, अप्राकृतिक र अमिल्दो खालको थियो । ...........(गोपबाट)


## ठुलीभेरी नगरपालिकाको अत्यन्त जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुंदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

ठुलीभेरी नगरपालिकाको कार्यालय

जुफाल, डोल्पा

## स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं । नेपालमा बिस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दनै, डोल्पा

# सुशासन र नयाँ नेतृत्व

- शिवराम न्यौपान

मुलुकमा सुशासन कायम गराउनु सरकारको पहिलो जिम्मेवारी हो । हरेक सरकारले सुशासन कायम गराउने कार्यलाई पहिलो प्राथमिकतामा राख्ने गर्छन् । राजनीतिक दलको घोषणापत्र र सरकारका नीति कार्यक्रममा सुशासनलाई महत्व दिइने उल्लेख गरेको भए पनि नेतृत्वको सोच र व्यवहारमा सुशासनलाई महत्व नदिने गरेका कारण व्यवहारमा सुशासन निरीह भएको छ । सरकारको नेतृत्वमा रहने र जनप्रतिनिधिको हैसियतमा रहने जिम्मेवार पदाधिकारी भ्रष्टाचारजन्य कार्यसँग जोडिने गरेका कारण अपेक्षित उपलब्धि हासिल हुन नसकेको हो ।

सरकारको इमानदार एवं स्वच्छ नेतृत्वले मात्र राज्यका अन्य सबै संयन्त्रलाई सुशासनको मार्गमा डोऱ्याउन सक्छ । नेतृत्वको इमानदार सोच र व्यवहारबाट मात्र जनतामा सुशासनको अनुभूति भई सरकारको स्थायित्व वा सफलता सुनिश्चित गर्न सकिनेछ । सरकारले तर्जुमा गर्ने आवधिक नीति, योजना, कार्यक्रमलाई सुशासनको भावना एवं मर्मअनुरूप कार्यान्वयन गर्न सकेमा राज्यका सबै संयन्त्रको इमानदार सहभागिता सम्भव हुन्छ । सुशासनमा मूलतः राजनीतिक नेतृत्वले अग्रसरता लिनुपर्ने हुन्छ । यस कार्यमा नागरिक समाज, स्थानीय तहसम्मका जिम्मेवार राजनीतिक संस्था, सामाजिक सङ्घसंस्था, उपभोक्ता समिति र सरोकारवालाको सहकार्यात्मक भूमिका परिपूरक हुन सक्छ ।

यस सन्दर्भमा सार्वजनिक कार्यको जिम्मेवारीमा रहेका राजनीतिक नेतृत्व एवं प्रशासनिक संयन्त्रलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जनउत्तरदायी बनाई सरकार, कर्मचारीतन्त्र र सरोकारवालालाई सुशासनको अभियानमा ऐक्यबद्ध गर्नु चुनौतीपूर्ण छ । नेतृत्व तहबाट सुशासनको मर्म र भावनालाई कुठाराघात गरिँदा भ्रष्टाचारजन्य कार्य स्थानीय तहसम्म संस्थागत रूपमा व्यापक भएको छ । भ्रष्टाचारजन्य कार्य मिलेमतो र साँठगाँठका आधारमा व्यापक हुँदै गएको छ। सुशासनको मुख्य अवरोधकका रूपमा रहेको भ्रष्टाचार न्यूनीकरण नगरी मुलुकमा सुशासनको अनुभूति गराउन नसकिने तथ्य सर्वस्वीकार्य छ ।

सुशासनलाई व्यवहारमा अनुभूत गराउन मूलतः समग्र सामाजिक न्याय र समृद्धिलाई जोड दिने, आर्थिक अनुशासन तथा भ्रष्टाचार नियन्त्रणलाई जोड दिने, राजनीतिक तथा प्रशासनिक उत्तरदायित्व सुनिश्चित गर्ने कार्यमा जोड दिनुपर्छ । अधिकारको विकेन्द्रीकरणलाई सुनिश्चित गर्ने, पूर्ण प्रेस स्वतन्त्रता र सूचनाको हक सुनिश्चित गर्ने, स्वेच्छाचारी शासन व्यवस्था अन्त्यमा जोड दिने, मानव अधिकारको प्रत्याभूति गर्ने जस्ता चरित्र रहेको हुन्छ । साथै परिवर्तित सन्दर्भमा सरकार, निजी क्षेत्र र नागरिक समाजको सहकार्यमा जोड दिने, इमानदारिता र वित्तीय अनुशासनको चरित्रलाई समेत आत्मसात् गरिनुपर्छ । यस्ता कार्यलाई राजनीतिक एवं प्रशासनिक नेतृत्वले शासन सञ्चालनका क्रममा व्यवहारमा लागू गर्न प्रतिबद्ध र अग्रसर हुनु जरुरी छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त बनाउँदै राज्यबाट प्राप्त हुने सेवासुविधामा सुशासनको प्रत्याभूत गर्ने राज्यको नीति रहेको भए पनि यसलाई व्यवहारमा प्रभावकारी गराउन सकिएको छैन । सुशासनलाई व्यवहारमा अनुभूत गराउन जिम्मेवार पदाधिकारी अनियमित कार्यमा सहभागी नहुने, आफ्नो जिम्मेवारी भएको कार्यक्षेत्रमा नियमित निगरानीमा बस्ने, कामकारबाहीसम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउने, राष्ट्रसेवकलाई कामप्रति परिणाममुखी र उत्तरदायी बनाउनेजस्ता रणनीतिलाई कार्यान्वयनमा ल्याइनुपर्छ ।

परिवर्तित सन्दर्भ अनुकूल विद्युतीय शासन प्रणालीको अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरलीकरण र सङ्क्षेपीकरण गर्ने, क्षतिपूर्तिसहितको बडापत्र क्रमशः कार्यान्वयन गर्दै जानुपर्छ । साथै जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउने, सूचकसहित कार्यसम्पादन सम्झौता गर्नुपर्ने कानुनी व्यवस्थालाई थप प्रभावकारी बनाउने, भ्रष्टाचार जन्य क्रियाकलापको अन्त्य गरी शून्य सहनशीलताको नीति अङ्गीकार गर्नेलगायतका कार्यलाई कार्यान्वयनमा ल्याउनुपर्छ । यसका लागि मूलतः विषयगत मन्त्रालय, केन्द्रीय स्तरका विभाग एवं स्थानीय तहका अन्य निकाय, संवैधानिक निकाय र मातहतका कार्यालय, सार्वजनिक संस्थान, गैरसरकारी निकाय प्रतिबद्ध भई लाग्नुपर्छ ।

सार्वजनिक पदमा रहेका जिम्मेवार राजनीतिक नेतृत्वले यस्ता कार्यको उत्तरदायित्व लिँदा स्वाभाविक रूपमा प्रशासनिक संयन्त्रसमेत चलायमान हुने हुँदा यसतर्फ राजनीतिक नेतृत्व सक्रिय हुनु आवश्यक छ । संस्थागत हुँदै मौलाएको भ्रष्टाचार नियन्त्रण गरी मुलुकमा सुशासन कायम गराउनु वर्तमानको प्रमुख चुनौती हो । यो चुनौती सामना गर्न राजनीतिक नेतृत्व स्वच्छ हुनुका साथै प्रशासनिक संयन्त्रको सक्षम क्रियाशीलता महत्वपूर्ण आधार हुनसक्छ ।

साथै सार्वजनिक कामकारबाहीको निगरानी नियमित रूपमा गरी अनियमित कार्यको नियन्त्रण एवं कमजोर कार्यक्षेत्रमा सुधारका कार्यलाई प्राथमिकता दिइनुपर्छ । राजनीतिक अस्थिरता एवं नेतृत्व तहको इमानदारिताको कमीका कारण राम्रा नीति तथा योजनाले निरन्तरता पाउन नसकेको, अनियमित कार्यका विरुद्धमा कारबाही गर्ने कार्यले प्राथमिकता नपाएको, सेवामुखी राजनीतिक संस्कार विकास हुन नसकेको, मिलेमतोमा अनियमित कार्य वृद्धि भएकोजस्ता समस्याका कारण मुलुकमा सुशासन मजबुत हुन सकेको छैन । साथै सार्वजनिक कार्यमा सरोकारवालाको सहभागितामा कमी, अधिकार र कर्तव्य बोधमा कमी, पृष्ठपोषण दिने र सेवामा सुधार गर्नेतर्फ उदासीनताजस्ता समस्यासमेत मौजुदा छन् ।

यसका अतिरिक्त प्रशासनिक क्षेत्रमा नतिजामुखी कार्य संस्कारको विकास हुन नसकेको, कर्मचारीको कार्य उत्प्रेरणाको कमी भएको, अस्पष्ट र जटिल कार्यविधि कायमै रहेको, पेसागत क्षमताको विकास पर्याप्त हुन सकेको छैन । सेवा प्रवाहमा एकद्वार प्रणालीको अभ्यास हुन नसक्दा अनियमित कार्यको संरक्षणवादी सोच र अराजकताको अवस्था कायमै रहेको छ । यस्ता समस्याका कारण मुलुकमा सुशासन सुदृढ हुन सकेको छैन । सरकारको नेतृत्वमा रहने पदाधिकारी साथै अन्य जिम्मेवार राजनीतिक नेतृत्वले मुलुकमा सुशासन कायम गराउन जिम्मेवारी लिनु जरुरी छ ।

हिजोका कमजोर राजनीतिक नेतृत्वका कारण नेतृत्व परिवर्तनका जनभावना देखिएका छन् । जनताको भावना अनुकूल राजनीतिक नेतृत्वले आफ्ना सोच र व्यवहार परिवर्तन गर्नु अनिवार्य भएको छ । राजनीतिक अस्थिरताको अवस्थाले स्वार्थका लागि साँठगाँठ गर्ने राजनीतिक एवं प्रशासनिक प्रवृत्ति बढ्दै गएका कारण सुशासनको अभियान चुनौतीपूर्ण छ । सङ्घीय तहदेखि स्थानीय तहसम्मको राजनीतिक नेतृत्व सत्ता टिकाउने र जोगाउने कार्यमा अलमलिने गरेका कारण प्रशासनिक संयन्त्रलगायत राज्यका अन्य सयन्त्रसमेत भ्रष्टाचारजन्य कार्यतर्फ उन्मुख हुने गरेको पाइएको छ । यस सन्दर्भमा लोकतान्त्रिक मूल्य, मान्यता, सिद्धान्त र व्यवहारलाई कार्यान्वयनमा ल्याई नैतिक अनुशासन एवं इमानदारीलाई राजनीतिक नेतृत्वले आफ्नो मुख्य गहनाका रूपमा अङ्गीकार गर्नु जरुरी भएको छ ।

राजनीतिक नेतृत्वको कमजोर भूमिकाका आडमा कर्मचारी एवं गैर कर्मचारी समूहबाट हुने भ्रष्टाचारजन्य कार्य नियन्त्रण गर्न राजनीतिक नेतृत्व होसियार, प्रतिबद्ध र अग्रसर हुनु आवश्यक भएको छ । (गोपबाट)


## जगदुल्ला गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौं र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुँघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

जगदुल्ला गाउँपालिकाको कार्यालय

माझगाउँ रिमी, डोल्पा

# सत्ता दोहन, दाउपेचको राजनीति र अनिष्टको संकेत

- सागर पण्डित

संघ तथा प्रदेशको निर्वाचन सकिएसँगै अब केन्द्र र प्रदेश सरकार गठनको प्रक्रिया सुरु हुँदै छ । निर्वाचनको परिणामले उत्साह र आशा जगाउन सकेको देखिँदैन । आमजनता फेरि वर्षौंदेखिको समस्याले आक्रान्त बन्ने स्थिति देखिँदै छ। कसैको पनि बहुमत नआएको र ५-६ वटा राजनीतिक दल मिलेर टालाटुली सरकार बनाउँदा त्यो सरकारले समग्र मुलुक र मुलुकबासीको हित र चाहनाअनुसार काम गर्छ भनेर विश्वास गर्ने ठाउँ नै देखिँदैन ।

अहिलेको सत्तागठबन्धनमा रहेका कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादीलगायतका दल सबै मिल्दा पनि सुविधाजनक बहुमत ल्याउन सकेनन् । यद्यपि, उनीहरूले निर्वाचनमा होमिँदा सत्तागठबन्धनको दुईतिहाइ आउने दाबी गरेका थिए । तर, जनताले उनीहरूको लक्ष्य र योजना र दाबीलाई भने पूर्णरूपमा अस्वीकार गरेका छन् । पाँचवटा राजनीतिक दल मिलेर निर्वाचनमा जाँदा पनि बहुमत ल्याउन नसक्नु भनेको उनीहरू पूर्णरूपमा असफल हुनु नै हो । हिजोका दिनमा यो गठबन्धनमा रहेका सत्ताधारीले जनजीविकाको सबालमा प्रभावकारी काम गर्न सकेको भए वा जनताका विभिन्न समस्या समाधानका लागि उल्लेख्य काम गरेको भए अहिले सजिलैसँग बहुमत आउने अवस्था हुन्थ्यो तर त्यस्तो हुन सकेन । बहुमत आउन नसक्दा उनीहरू अब सरकार गठनका लागि जस्तासुकै हर्कत गर्न पनि पछि पर्ने छैनन् । निष्ठा, सिद्धान्त र विवेकको राजनीति मृत अवस्थामा पुगेको हुनाले यहाँ सबैभन्दा बढी दाउपेच, तिकडम, छलछाम जसले गर्छ ऊ नै सत्तामा जाने अवस्था रहन्छ । त्यसरी तिकडम अपनाएर बनाइएको सरकार भ्रष्टाचारमा चुर्लुम्म डुब्ने निश्चित छ । यतिखेर सत्ताधारी दलका नेता जेल जीवन बिताइरहेका व्यक्तिसँग सरकार गठनमा सहयोगको याचना गर्दै जेलमा पुग्न थालेका छन् । योभन्दा पथभ्रष्ट र नैतिक भ्रष्टता अरू हुनै सक्दैन । उनीहरूको खन्चुवा प्रवृत्तिले देश भित्र भित्र टाट पल्टिसकेको र जनता दिनानुदिन गरिब हुँदै गइरहेको वास्तविकता एकैपटक सतहमा आउने छ र त्यतिबेला धेरै ढिलो भइसकेको हुनेछ। यही खन्चुवा वर्गको मुख्य नेतृत्व गर्ने खलनायक अन्त्यमा डाइनोसर जस्तै विनास हुने अवस्थामा पुग्नेछन् । जनताले पनि निर्वाचनमा अचम्मको र नकारात्मक खालको जनादेश दिएका छन् । भर्खरै उदाउँदै गरेको राष्ट्रिय स्वतन्त्र पार्टीलाई जनताले राम्रै जनादेश दिए पनि सो पार्टीलाई सरकार गठनमा निर्णायक अवस्थामा पुऱ्याउन भने सकेनन् । जनता यदि साँच्चै नै बुद्धिमान भइदिएको भए राष्ट्रिय स्वतन्त्र पार्टीलाई निर्णायक अवस्थामा पुऱ्याउन सक्नुपर्थ्यो । जनताले घुमाइफिराई तिनै दलाल, कमिसनखोर, भ्रष्ट, नैतिकहीन व्यक्ति रहेकै पार्टीलाई टापनटुपन गरेर सरकार बनाउन सक्ने अवस्थामा पुऱ्याएका छन् । यदि अहिले कै सत्ताधारीले अन्य साना दललाई पनि समेटेर सरकार बनाउने अवस्था आएमा त्यो सरकार लम्पट सरकार बन्नेछ । त्यस्तो सरकारले फेरि पनि मुलुकमा महँगी बढाउने छ, त्यस अवधिमा भ्रष्टाचार र कमिसनतन्त्रले सीमा नाघ्ने छ, आर्थिक अवस्था फेरि चौपट हुनेछ । संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा गम्भीर धक्का लाग्नेछ । जनताका स्वास्थ्य, शिक्षा, रोजगारीका समस्या विकराल भएर जानेछन् । त्यस्तो अवस्थामा आमजनतामा निराशा छाउन सक्छ। राजनीति र राजनीतिक दलप्रति नै पूर्णअलगावको अवस्था आउन सक्छ । त्यस्तो अवस्थामा अर्को विद्रोह जन्मन पुग्छ । अहिलेका सत्ताधारी यसरी नै अघि बढ्ने हो भने अबको दुई वर्षभित्र मुलुक असफल राष्ट्र बन्न सक्ने भय पनि देखिन्छ । त्यस्तो अवस्था संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थिरताका लागि खतराको अवस्था पनि हुन सक्छ । राजनीतिदेखि लिएर समाजका हरेक क्षेत्र र तहमा विशेष प्रकारका खन्चुवावर्ग हुन्छन् । अब ती सबै खन्चुवावर्गको यस्तो मिलन हुन्छ की उनीहरू एकआपसमा खानकै लागि मिलेर बस्छन् र देशमा रामराज्य छाएको नाटक मञ्चन गर्न पनि पछि पर्दैनन् । तर, उनीहरूको खन्चुवा प्रवृत्तिले देश भित्र भित्र टाट पल्टिसकेको र जनता दिनानुदिन गरिब हुँदै गइरहेको वास्तविकता एकैपटक सतहमा आउने छ र त्यतिबेला धेरै ढिलो भइसकेको हुनेछ । यही खन्चुवा वर्गको मुख्य नेतृत्व गर्ने खलनायक अन्त्यमा डाइनोसर जस्तै विनास हुने अवस्थामा पुग्नेछन् । त्यसैले भविष्यमा आउन सक्ने अनिष्टलाई रोक्न हालका सत्ताधारी तथा अन्य प्रमुख राजनीतिक दलका नेताले डन्डा दिमागले सोच्नै पर्ने बेला आएको छ । पछिल्ला वर्षका गतिविधि र व्यवहार हेर्दा हाम्रा प्रमुख राजनीतिक दल सुध्रिने अवस्थामा देखिँदैनन् । उनीहरू सुध्रिनै चाहँदैनन् । अझ गत एक/दुई वर्षको राजनीति हेर्दा त यहाँ एकले अर्कालाई सिध्याउने राजनीतिको प्रस्फुटन हुँदै अघि बढिरहेको छ । जुन निकै घातक हो । यसले कसैलाई पनि फाइदा गर्दैन । राजनीति कसैलाई सिध्याउनभन्दा पनि आमजनताका तमाम समस्या समाधान गर्न र विशुद्ध सामाजिक सेवा गर्न गरिन्छ तर नेपालमा भने ठीक उल्टो छ । राजनीति समाजसेवा भन्दा पनि व्यापार व्यवसाय जस्तै हुन पुगेको छ । कसरी हुन्छ अकूत सम्पति कमाउने र पुस्तौं पुस्तासम्म जोगाएर राख्ने लम्पट सोचमा शासकहरू लिप्त छन् । उनीहरूलाई जनताका गुनासा तथा समस्या सम्बोधन गर्न कुनै ध्यान नै छैन । हाम्रा शासक परजीवी जस्ता छन् । आफ्नो खुट्टामा आफैं उभिन सक्ने अवस्थाका छैनन् । निर्वाचनको परिणाम आउँदै गर्दा अब कस्तो सरकार बनाउने भन्ने विषयमा प्रधानमन्त्री र सत्तारूढ दलका मुख्य व्यक्तिले नै भारतीय राजदूतसँग परामर्श गर्ने गर्छन् । ...... (राजधानीबाट)


## हार्दिक बधाई तथा शुभकामना



यही मंसिर महिनाको ४ गते निर्वाचन तथा मतदान भै मतगणना सम्पन्न बाट सबैभन्दा बढि मत ल्याउने निर्वाचित हुने निर्वाचन प्रणाली तथा प्रत्यक्ष निर्वाचन प्रणाली मार्फत डोल्पाबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित नेकपा(एकिकृत समाजवादी)का धनबहादुर बुढा, प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं. १ मा निर्वाचित नेकपा(एमाले)का शेरबहादुर बुढा र प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र नं. २ मा निर्वाचित नेकपा(माओवादी केन्द्र)का बीर बहादुर शाही सहित ३ नै जनालाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

विष्णुलाल बुढा
अध्यक्ष एवम्
रेडियो डोल्पा एफ.एम. परिवार, डोल्पा


## छार्का ताङसोङ गाउँपालिकाको जरुरी सूचना

विश्व भरी महामारिका रुपमा फैलिएको कोरोना भाइरस अर्थात कोभिड १९ हाल डोल्पामा पनि फैलिइरहेको हुँदा यस महामारिबाट बच्न निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं ।

**कोरोनाबाट बच्ने उपायहरु**

१. अनावश्यक घर वाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात सावुन पानीले मिचिमिचि धुने गरौं, अथवा गुणस्तरीय सेनीटाइजरको प्रयोग गर्ने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. खानेपानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. कोरोना पोजेटिभ भै होम आइसोलेशनमा बस्नुभएका व्यक्तिहरुले सुत्ने कोठा, प्रयोग गर्ने लत्ता कपडा, भाँडाकुँडा, चर्पी लगायतका चिजहरु घरका अन्य सदस्यहरुलाई प्रयोग गर्न नदिनु होला । आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. आफूलाई कोरोनाको लक्षणहरु जस्तै : सुघ्ने शक्ति हराउनु, जिब्रोले खाने कुराको स्वाद नपाउनु, रुघाखोकी लाग्नु, १ सय ४ डिग्री भन्दा माथि ज्वरो आउनु, जिउमा एकदमै थकान महसुस हुनु आदि भएमा चिकित्सकसँग सम्पर्क राखौं र कोरोनाको जाँच गराऔं ।

११. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बन्छ समृद्धिको बेस(bass) कोरोना भाइरस महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

छार्का ताङसोङ गाउँपालिकाको कार्यालय
कागकोट, डोल्पा